नेपाल सरकार
गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार, काठमाडौं

## सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना


जेष्ठ नागरिक


एकल महिला


अशक्त/अपाङ्ग


लोपोन्मुख जाति


बालबालिका

सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले २०७८ सालको श्रावण १ गते देखि कार्तिक मसान्तसम्म आफ्नो स्थायी ठेगाना रहेको वडामा स्वयं वा संरक्षक/माथवर उपस्थित भई अनिवार्य रुपमा परिचयपत्र नवीकरण गरौं।

तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन।

**सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्ने सम्बन्धी कालिका गाउँ कार्यपालिकाको अत्यन्त जरुरी सूचना ।**

यस कालिका गाउँ कार्यपालिकाको कार्यालयबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहनुभएका जेष्ठ नागरिक, दलित जेष्ठ नागरिक, एकल महिला, विधवा, अशक्त/अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख जाति र देशैभरका दलित समुदाय तथा क्षेत्र तोकिएका ५ वर्ष भन्दा कम उमेरका बालबालिकाले श्रावण १ गते देखी कार्तिक मसान्तसम्म अनिवार्य रुपमा नाम नवीकरण गर्न अनुरोध गर्दछौ ।

याद गर्नुहोस है : नविकरण गर्ने मिति २०७८ श्रावण १ गते देखी कार्तिक मसान्तसम्म ।

**सामाजिक सुरक्षा नाम नवीकरणको लागि संलग्न हुनुपर्ने कागजातहरु ।**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- बालबालिकाको हकमा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी,
- एकल महिला तथा विधवा महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रतिलिपी,
- अपाङ्ग भएको व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी (साविकको महिला तथा बालबालिका कार्यालय वा साविक गाविसले बनाएको अपाङ्गता परिचयपत्र मान्य हुने छैन। ।)

यदी तोकिएको समयमा कसैले नवीकरण नगराएमा प्रणालीबाट नाम हट्ने छ । पुन नयाँ लाभग्राहीका रुपमा नाम दर्ता गर्नु पर्नेछ । र सो विचको अवधि सामाजिक सुरक्षा भत्ता प्राप्त हुने छैन ।

साथै नयाँ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीले नयाँ नामावलीमा सूचीकृत हुन समेत आफ्नो वडामा सम्पर्क गरौ

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पन्जीकरण विभाग र कालिका गाउँपालिकाको अनुरोध

प्रमुख प्रशासकीय अधिकृत